# उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकवाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय सि.न.पा.-१२ रुपन्देही

## आ.ब.२०८१/२०८२
## २०८२ चैत्र २८ गते शनिबार (तदनुसार ११ अप्रिल, २०२६) का दिन सम्पन्न
## एघारौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

१. **बैधानिक सभा :**
श्री उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८२ चैत्र ५ गते बिहीबार बसेको सञ्चालक समितिको २५१औं बैठकको निर्णयानुसार एघारौं बार्षिक साधारण सभा आज मिति २०८२/१२/२८ गते शनिबार कम्पनी ऐन २०६३ र वित्तीय संस्थाको नियमावलीको नियम १८ बमोजिम कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री भरत कुमार शाहज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बसी तपसिलका बिषयहरु उपर छलफल तथा निर्णय भई देहाय बमोजिमका काम कारवाहीहरु सुसम्पन्न भयो ।

२. **एघारौं वार्षिक साधारण सभाको मिति, समय र स्थान :**
मिति :- २०८२ साल चैत्र २८ शनिबार, (तदनुसार ११ अप्रिल, २०२६) ।
समय :- विहानको : ठिक १०.०० बजे ।
स्थान :- एशियन बुद्ध होटल सि.न.पा.-८ भैरहवा, रुपन्देही ।

३. **सभाको सूचना :**
(क) यस वित्तीय संस्थाको मिति मिति २०८२ चैत्र ५ गते बिहीबार बसेको सञ्चालक समितिको २५१औं बैठकको निर्णयानुसार एघारौं बार्षिक साधारण सभा आज मिति २०८२/१२/२८ गते हुने गरी सभाको सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार सौं सभामा छलफल हुने विषयहरु सहितको विवरण खुलाई आर्थिक दैनिक पत्रिकामा पहिलो पटक मिति २०८२/१२/०६ र दोस्रो पटक मिति २०८२/१२/११ मा प्रकाशित गरिएको ।

(ख) यसका अतिरिक्त वार्षिक साधारण सभा बस्ने सुचनाको साथै संक्षिप्त आर्थिक विवरण पुस्तिका शेयरधनी महानुभावहरुले उपलब्ध गराउनु भएको ठेगानामा पठाईएको ।

४. **सभामा प्रस्तुत छलफलका बिषयहरु :**
**छलफलका बिषयहरु :**

(क) **सामान्य प्रस्तावहरु:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/०८२ को बार्षिक प्रतिवेदन स्वीकृत गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्त सम्मको वासलात र आर्थिक वर्ष २०८१/०८२ को, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत वित्तीय विवरणमा छलफल गरी स्वीकृत गर्ने ।
३. संस्थापक समुहका शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने रिक्त संचालक पद १ (एक) जनामा संचालक समितिले गरेको नियुक्तिलाई अनुमोदन गर्ने तथा बाँकी अवधिको लागि निर्वाचित गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/०८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।

(ख) <u>विशेष प्रस्तावहरु :</u>

१. भविष्यमा वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय सस्थाहरुलाई गाभ्ने वा संस्थाहरुसंग गाभिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ती गर्ने/प्राप्ती हुन जाने (Acquisition) प्रयोजनार्थ उपयुक्त देखिएमा सो संग सम्बन्धित आवश्यक सम्पूर्ण कार्वाही अगाडि बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

२. संस्थापक तर्फको शेयर स्वामित्व परिवर्तन गरी ५५.५८ प्रतिशत कायम गर्ने तथा सर्वसाधरण तर्फको शेयर स्वामित्व परिवर्तन गरी ४४.४२ प्रतिशत कायम गर्ने गरी वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३. नियमावलीको परिच्छेद ४ को नियम २९(२) को संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

४. वित्तीय संस्थाको प्रबन्धपत्र नियमावलीमा गरिएको संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल वा परिमार्जनका लागि निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध:

५ सभामा उपस्थिति :

(क) सञ्चालकहरुको उपस्थिति :

| क.सं. | नाम | पद |
|---|---|---|
| १. | श्री भरत कुमार शाह | अध्यक्ष |
| २. | श्री कुसुम राज ज्ञवाली | सञ्चालक |
| ३. | श्री खिल राज मैनाली | सञ्चालक |
| ४. | श्री नारायण प्रसाद घिमिरे | सञ्चालक |
| ५. | श्री कृष्ण प्रसाद गौतम | सञ्चालक |
| ६. | श्री यम कुमार खड्का | सञ्चालक |
| ७. | श्री निरन्जना पौडेल | स्वतन्त्र सञ्चालक |

(ख) आमन्त्रित तथा अन्य पदाधिकारी:

| क.सं. | नाम | पद |
|---|---|---|
| १. | श्री गोबिन्द बाग्ले | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री नारायण अधिकारी | नायब प्रमुख कार्यकारी अधिकृत |

(ग) शेयरधनीहरुको उपस्थिति :

| | |
|---|---|
| क. कुल शेयर संख्या (संख्यामा) | २४,६८,६५७.३६ |
| ख. जम्मा शेयरधनी (संख्यामा) | १७,१५३ (भौतिक र अभौतिक समेत) |
| ग. जम्मा शेयरधनीको प्रतिनिधित्व (संख्यामा) | ६६ |
| स्वयं उपस्थित | २५ |
| प्रतिनिधि (प्रोक्सी मार्फत) उपस्थित | ४१ |
| घ. जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) | १२,८६,०२८ |

| | |
|---|---|
| ङ. जम्मा शेयरको प्रतिनिधित्व (प्रतिशतमा) | ५२.०९% |
| शेयरधनीहरु स्वयं (प्रतिशतमा) | २६.९३% |
| प्रोक्सी मार्फत (प्रतिशतमा) | २५.१६% |

६. **सभाको गणपुरक संख्या :**

कम्पनी ऐन २०६३ को दफा ७३ (२) बमोजिम कुल शेयर संख्या २४,६८,६५७.३६ किता को ५२.०९ प्रतिशत शेयरधनीको प्रतिनिधि पश्चात कम्पनी सचिवज्यूले सभाको काम कारवाही अगाडी बढाउनु भयो ।

७. **सभाको वैधानिकता :**

कार्यक्रम सञ्चालक कम्पनी सचिव श्री हरिहर गौतमले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा नियमालीको नियम १८ को उपनियम ३ बमोजिम सभा बोलाईएको र सभाको लागि आवश्यक गणपुरक संख्याको हकमा कम्पनी ऐनको दफा ७३ (२) तथा वित्तीय संस्थाको नियमावली को नियम २३ मा उल्लेख भए बमोजिम ५० प्रतिशत भन्दा बढीको प्रतिनिधित्व पुगेको हुँदा सभा सञ्चालन गर्न वैधानिक रहेको व्यहोरा शेयरधनीहरुमा अवगत गराएपछि सभाको कार्यक्रम बिहान १०:५३ बजे शुरु भयो ।

८. **सभाको कारवाही तथा सभापतित्व :**

कम्पनी ऐन, २०६३ को नियम ७४ (१) र यस वित्तीय संस्थाको नियमावलीको नियम १९ (१) मा व्यवस्था भए बमोजिम कार्यक्रम सञ्चालक तथा कम्पनी सचिव हरिहर गौतमले वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षले साधारण सभाको अध्यक्षता गर्ने व्यवस्था रहेको व्यहोरा सहित यस संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री भरत कुमार शाहज्यूलाई सभाको अध्यक्षता गर्न अनुरोध गर्नु भएपछि समितिका अध्यक्षज्यूले सभापतित्वको आसनग्रहण गर्नु भयो भने सभामा सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत, नायव प्रमुख कार्यकारी अधिकृत, बाह्य लेखापरीक्षक, शेयरधनी, कर्मचारी तथा पत्रकार मित्रहरुलाई आसनग्रहण गर्नको लागि अनुरोध गरे बमोजिम अतिथिज्यूहरुले आसनग्रहण गर्नु भयो । आसन ग्रहण पश्चात राष्ट्रिय गान प्रशारण गरी कार्यक्रम शुरुवात भयो ।

९. **स्वागत मन्तव्य:**

सञ्चालक श्री कुसुम राज ज्ञवालीज्यूले स्वागत मन्तव्य गर्नु भएको र मन्तव्य अर्न्तगत यस वित्तीय संस्थाले एघारौं वार्षिक साधारण सभा सम्म आईपुग्दा विभिन्न आरोह अवरोह पार गर्दै आएको र संस्थाको स्थापनाको शुरुवात अवस्थामा उच्चदरमा लाभांश प्रदान गरेकोमा पछिल्लो समयमा प्राकृतिक प्रकोप, विभिन्न किसिमका द्वन्द्व, लघुवित्त वित्तीय संस्था विरोधी समुहको कारण असुलीमा नकारात्मक असर पर्न गएको भएतापनि कर्मचारीहरुको मेहनतवाट आ.व. २०८१/८२ मा संस्थालाई नाफामा ल्याउन सफल रहेकोमा कर्मचारीहरुलाई धन्यवाद दिदै आगामी दिनमा पनि निश्क्रिय कर्जा घटाउन विशेष ध्यान दिई विगतमा झै नाफा दिने प्रयास गर्ने भन्दै शेयरधनीलाई आश्वासन दिदैं आफ्नो स्वागत मन्तव्य समापन गर्नु भयो ।

१०. **सभाको उद्घाटन:**

सञ्चालक समितिका अध्यक्ष श्री भरत कुमार शाहज्यूले पानसमा बत्ती बालेर सभाको समुद्घाटन गर्नुभयो ।

११. **प्रमुख कार्यकारी अधिकृतज्यूको मन्तव्य :**

वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री गोविन्द वाग्लेले दिनु भएको मन्तव्यमा विगत ३, ४, वर्ष देखिको संस्थाको Trend लाई हेर्दा संस्थाको वित्तीय अवस्था सुधार हुँदै गएको, आ.व.

२०८०/०८१ सम्म संस्था सञ्चित नोक्सानीमा संचालनमा रहेकोमा आ.व. २०८१/०८२ को अन्तमा मुनाफामा वृद्धि भई संचित मुनाफा पनि सकारात्मक रहेकाले संस्था प्रगति उन्मुख रहेको, कोभिड पश्चात विश्व अर्थतन्त्रमा परेको अर्थतन्त्रको अवस्था सुधार नहुँदै मध्यपूर्वमा परेको द्वन्द साथै विभिन्न भूराजनीतिक तनावले संस्था सञ्चालनमा थप जटिलता निम्त्याएको,न्यूनतम पुँजीकोष कायम गर्नको लागि चुनौतिपूर्ण रहेको, आ.व. २०८०/०८१ मा खुद नोक्सान रु.९४ लाख ५९ हजार २ सय ६९ रुपैयाँ ७० पैसा रहेकोमा समिक्षा अवधिमा मुनाफा रु.५ करोड २४ लाख ३१ हजार २ सय ६० रुपैया बृद्धि भई खुद नाफा रु.४ करोड ३० लाख ३८ हजार ९ सय ९० रुपैयाँ पुगेको र आगामि दिनमा संस्थालाई सुदृढिकरण गराउन कर्जाको गुणस्तर सुधारमा विशेष जोड दिने र लामो समयदेखि कर्जा नतिर्ने ग्राहकको हकमा कानुनी प्रक्रिया अगाडि बढाउन पत्रिकामा सूचना प्रकाशित गरिएको इत्यादि कुराहरु जानकारी गराउँदै आफ्नो व्यस्तताको बाबजुत उपस्थित हुनु भएकोमा सवैलाई धन्यवाद दिदै आफ्नो मन्तव्य समापन गर्नु भयो ।

१२. **अध्यक्षको वार्षिक प्रतिवेदन प्रस्तुति :**

सभाका सभापति तथा संचालक समितिका अध्यक्ष श्री भरत कुमार शाहज्यूले सञ्चालक समितिको तर्फबाट आ.ब. २०८१/०८२ को बार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । तत्पश्चात् सो प्रतिवेदन उपर छलफलका लागि सभामा उपस्थित शेयरधनीहरुबाट जिज्ञासा तथा सुझावहरुको लागि आह्वान गर्नुभयो ।

१३. **छलफलमा सहभागी हुनुभएका शेयरधनी महानुभावहरु, जिज्ञासा एवं सुझाव तथा जवाफ :**

सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष श्री भरत कुमार शाहज्यूले सञ्चालक समितिको तर्फबाट प्रस्तुत गर्नुभएको आ.ब. २०८१/०८२ को बार्षिक प्रतिवेदन उपर सभामा उपस्थित शेयरधनी हरुले आफ्नो विचार राय मन्तव्य, टिका टिप्पणी, समालोचना तथा जिज्ञासाहरु व्यक्त गर्नु भयो ।

क. **शेयरधनी श्री चिरिन्जिवी ज्ञवालीले** बार्षिक प्रतिवेदनको पेज नं ७ म लगानीमा रहिरहेको कर्जा रकम र निष्क्रिय कर्जा रकम बराबर रहेको हो वा तृटि भएको हो भनि जिज्ञासा राख्नु भएको, आर्थिक वर्ष २०७७/०७८ को कर आ.व. २०८१/८२ मा तिर्नुपर्ने गल्ती किन भएको ? त्यो वेलाको नोक्सानी हामिले किन तिर्ने र NPL घटाएर लाभांश कहिले दिनुहुन्छ भनेर प्रश्न राख्नुभयो ।

ख. **शेयरधनी श्री लाल बहादुर थापाले** Statement of Profit & Loss मा profit before income tax Rs 6,39,50,297 रहेका Income tax expenses Rs 1,97,37,982 किन रहेको, निष्क्रिय कर्जा आषाढको तुलनामा पौषमा बढेको लगाएतका प्रश्न राख्नु भयो ।

ग. **शेयरधनी श्री केशव प्रसाद शर्माले** वित्तीय विवरणको अनुसूची ४.८ मा लगानी गत वर्ष भन्दा किन कम रहेको, शाखा मर्जको अवस्था के छ शाखामा प्रयाप्त कर्मचारी भए/नभएको साथै नेपाल राष्ट्र बैक बाट वित्तीय विवरण प्रकाशन गर्दा दिएको निर्देशनको वुदा गत रुपमा स्पष्ट गराईदिन माग गर्नु भयो ।

१४. **<u>शेयरधनी महानुभावहरुको प्रश्न, समालोचना, राय, मन्तव्य सुझावहरुको सन्दर्भमा अध्यक्ष ज्युले दिनु भएको प्रत्युत्तरको मुख्य मुख्य अंशहरु:</u>**

क. **शेयरधनी श्री चिरिन्जिवी ज्ञवालीको प्रश्नको सन्दर्भमा अध्यक्षज्यूको आज्ञाले संचालक श्री नारायण प्रसाद धिमिरेज्यूले दिनुभएको प्रतिक्रिया** : आ.व.२०७७/०७८को मध्यमस्तरिय करदाता कार्यालयबाट फुल अडिट गर्दा कर्मचारी विदा बापत व्यवस्था गरेको रकम कर अडिटमा खर्च नजनाई कर तिर्नु पर्नेमा सो समयमा कम कर भुक्तान गरिएको कारण सोहि वापत आ.व. २०८१/८२ मा कर तथा जरिवाना वापत रकम भुक्तान गरिएको र यसले गर्दा संस्थाको संचित मुनाफामा प्रतिकुल प्रभाव परेको व्यहोरा

जानकारी दिनु भयो साथै अध्यक्षज्यूको आज्ञाले प्रमुख कार्यकारी अधिकृत गोबिन्द बाग्लेले २०८२ पौष मसान्तको निष्क्रिय कर्जा रु.३८,२४,७२,८१२।९९ रहेकोमा बार्षिक प्रतिवेदनमा छपाईमा त्रुटि हुन गएको, ने.रा.बै को प्रावधान बमोजिम अप्ठेरोमा परेका केहि ग्राहककहरुको विगतमा कर्जा पुनरतालिकिकरण गरिएकोमा अधिकांश तिनै ग्राहककहरुको नै हाल निष्क्रिय वर्गमा कर्जा स्थानान्तरण भई निष्क्रिय कर्जा बढेको देखिएतापनि पछिल्लो समय कर्जाको गुणस्तर तुलनात्मक रुपमा राम्रो हुँदै गएको र आगामी समयको लाभांसको सन्दर्भमा नेपाल राष्ट्र बैकले भविष्यमा दिने निर्देशन र स्विकृतिको आधारमा पनि यस सम्वन्धि निर्णय हुने भनि प्रतिक्रिया दिनु भयो ।

ख. **शेयरधनी श्रीलाल बहादुर थापाको प्रश्नको सन्दर्भमा अध्यक्षज्यूको आज्ञाले संचालक श्री नारायण प्रसाद घिमिरे र प्रमुख कार्यकारी अधिकृतले दिनुभएको प्रतिक्रिया :** वित्तीय विवरणमा देखाइएका केही खर्चहरु कर अटिडमा अमान्य हुने भएकोले Statement of Profit & Loss मा profit before income tax Rs 6,39,50,297 रहेका Income tax expenses Rs 1,97,37,982 हुन गएको साथै विगतको समयमा ने.रा.बै को प्रावधान बमोजिम पुनरतालिकिकरण गरिएका कर्जाहरुको हकमा पनि हाल कतिपय कर्जाहरु निष्क्रिय बर्गमा परिणत भएको, आर्थिक सिथिलता साथै पछिल्लो समयको देशमा भएका विभिन्न आन्दोलनहरु, मध्य पुर्वमा चलिरहेको भूराजनैतिक तनाव जस्ता कारणले गर्दा पनि संस्थाको असुलीमा प्रभाव पर्न गई निष्क्रिय कर्जा वृद्धि भएको प्रतिक्रिया दिनु भयो ।

ग. **शेयरधनी श्री केशव प्रसाद शर्माको प्रश्नको सन्दर्भमा अध्यक्षज्यूको आज्ञाले प्रमुख कार्यकारी अधिकृतले दिएको प्रतिक्रिया :** वित्तीय विवरणको अनुसूची ४.८ मा नेपाल फिनसफ्ट कम्पनीमा शेयर लगानी रहेकोमा सो कम्पनीको पूँजी क्षयिकरण हुँदा शेयर रकम घट्न गएको र पछिल्लो समय उक्त संस्थाको वित्तीय विवरणमा सुधार हुँदै गएको भन्ने थाहा हुन आएको साथै शाखा मर्जर सँग सम्बन्धित विषयमा यसलाई गहन विश्लेषण गरी नेपाल राष्ट्र बैक सँग स्विकृति लिएर प्रक्रिया अगाडि बढाउन सकिने र हालसम्मको अवस्थामा स्विकृति प्राप्त नभएको जानकारी गराउँदै नेपाल राष्ट्र बैकले वित्तीय विवरण प्रकाशन गर्दा दिएको निर्देशनको वुँदागत रुपमा जवाफ दिनु भयो ।

१५. <u>प्रस्ताव र सभाको निर्णय :</u>

ततपश्चात् छलफलका विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नका लागि अध्यक्षज्यूले प्रस्तुत गरिएका देहायका प्रस्तावहरुमा देहाय अनुसार निर्णय पारित गरियो :

(क) <u>सामान्य प्रस्तावहरु :</u>

१. **सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०८१/०८२ को बार्षिक प्रतिवेदन स्वीकृत गर्ने ।**

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको सञ्चालक समितिको एघारौं बार्षिक प्रतिवेदन पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित भयो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्त सम्मको वासलात र आ.व.२०८१/०८२ को, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत वित्तीय विवरणमा छलफल गरी स्वीकृत गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको आ.ब.२०८१/०८२ को आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब, इक्वीटीमा भएको परिवर्तन र नगद प्रवाह विवरण सहितको अनुसूचीहरु छलफल गरी पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित भयो ।

३. **संस्थापक समुहका शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने रिक्त संचालक पद १ (एक) जनामा संचालक समितिले गरेको नियुक्तिलाई अनुमोदन गर्ने तथा बाँकी अवधिको लागि निर्वाचित गर्ने ।**

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको संस्थापक समुह तर्फको रिक्त संचालक पदमा संचालक समितिले श्री नारायण प्रसाद घिमिरेज्यूलाई मनोनित गरेकोमा सभामा अनुमोदनको लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित भयो ।

४. **कम्पनीको आ.व.२०८२/०८३ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिले सिफारिस गरे वमोजिम लेखापरीक्षक नियुक्ति गर्ने ।**

संस्थाको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम यस वित्तीय संस्थाको एघारौं बार्षिक साधारण सभाले आर्थिक बर्ष २०८२/०८३ का लागि कम्पनी ऐन २०६३, को दफा १६५ को खण्ड (घ) वमोजिम, यस वित्तीय संस्थाको नेपाल वित्तीय प्रतिवेदनमान (NFRSs) अनुसार बैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्ग फर्म अडिट रिपोर्ट तथा कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको विवरण प्रमाणिकरण सहितको कार्यका लागि एन.बि.एस.एम. एण्ड एसोसिएट्सका चाटर्ट एकाउन्टेण्ट, श्री दुर्गा प्रसाद ज्ञवालीलाई लेखापरीक्षकको रुपमा नियुक्ति गर्ने साथै लेखापरीक्षण कार्यको लागि पारिश्रमिक बापत रु.३,३९,०००/-(मु.अ.करसहित) र अन्य खर्च (यातायात, टिएडिए) वापत रु.१,२१,००० गरी जम्म रु.४,६०,०००।- (चार लाख साठी हजार मात्र) प्रदान गर्ने गरी सभामा निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित भयो ।

(ख) <u>विशेष प्रस्तावहरु :</u>

१. **भविष्यमा वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय सस्थाहरुलाई गाभ्ने वा संस्थाहरुसंग गाभिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ती गर्ने/प्राप्ती हुन जाने (Acquisition) प्रयोजनार्थ उपयुक्त देखिएमा सो संग सम्बन्धित आवश्यक सम्पूर्ण कार्वाही अगाडि बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

भविष्यमा वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय सस्थाहरुलाई गाभ्ने वा संस्थाहरुसंग गाभिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ती गर्ने/प्राप्ती हुन जाने (Acquisition) प्रयोजनार्थ उपयुक्त देखिएमा सो संग सम्बन्धित आवश्यक सम्पूर्ण कार्वाही अगाडि बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु हुदा उक्त प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

२. **संस्थापक तर्फको शेयर स्वामित्व परिवर्तन गरी ५५.५८ प्रतिशत कायम गर्ने तथा सर्वसाधरण तर्फको शेयर स्वामित्व परिवर्तन गरी ४४.४२ प्रतिशत कायम गर्ने गरी वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।**

संस्थापक तर्फको शेयर स्वामित्व परिवर्तन गरी ५५.५८ प्रतिशत तथा सर्वसाधारण तर्फको शेयर स्वामित्व ४४.४२ प्रतिशत कायम गर्ने गरी वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अध्यक्ष्य ज्यूबाट निर्णयार्थ सभा मा पेश गर्दा उक्त प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

३. **नियमावलीको परिच्छेद ४ को नियम २९(२) को संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।**

वित्तीय संस्थाको नियमावलीको परिच्छेद ४ को नियम २९(२) को संशोधन गर्ने सम्बन्धी प्रस्ताव अध्यक्ष्यज्यूबाट निर्णयार्थ सभा मा पेश गर्दा उक्त प्रस्ताव सभाबाट सर्बसम्मतिले पारित भयो ।

४. **वित्तीय संस्थाको प्रबन्धपत्र नियमावलीमा गरिएको संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल वा परिमार्जनका लागि निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।**

वित्तीय संस्थाको प्रबन्धपत्र नियमावलीमा गरिएको संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल वा परिमार्जनका लागि निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्बसम्मतिले पारित भयो ।

ग. **विविध:**

शेयरधनी श्री तेज बहादुर खत्रीको मिति २०८२ फागुन २८ गते असामयिक निधन भएको तथा शेयरधनी श्री दिपक राज लम्सालज्यूको ममतामयी माता सुमित्रा लम्सालको मिति २०८२ चैत्र १६ देहावसान भएकोमा उक्त घटना प्रति गहिरो दुःख व्यक्त गर्दै १ मिनेटको समय मौन धारण गरी मृतकहरुको आत्माको चिर शान्तिको कामनाका साथै परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दै शोक प्रस्ताव सभाबाट पारित भयो ।

१७. **धन्यवाद ज्ञापन र सभा विसर्जन :**

अध्यक्ष श्री भरत कुमार शाहज्यूले सभामा सहभागी हुनुभई आफ्नो अमुल्य राय, सल्लाह, मन्तव्य
व्यक्त गरी सभालाई सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरिदिनु भएकोमा उपस्थित शेयरधनी
महानुभावहरु, संस्थाको प्रगतिको लागि सहयोग, सद्भाव र अमुल्य सुझाव दिनुहुने सम्पूर्ण
महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक
एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग हाउस, शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल,
मध्यमस्तरिय करदाता कार्यालय काठमान्डौं, विपन्न बर्ग लगानी क्षेत्रका लागि सापट प्रदान
गर्नुहुने सबै बैंक तथा वित्तीय संस्थाहरु, नेपाल लघुवित्त बैंकर्स संघ, माइक्रोफाइनान्स
एशोसिएसन अफ नेपाल, सफ्टवयर सेवा प्रदायक संस्था युरानश टेक नेपाल प्रा.लि. आदरणीय
ग्राहक सदस्य वर्ग तथा समस्त सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त
गर्नुभयो । साथै, वित्तीय संस्थाको व्यवस्थापन तथा सम्पूर्ण लगनशिल कर्मचारी वर्गलाई समेत
हार्दिक धन्यवाद दिदै छलफल गर्नुपर्ने विषय बाँकी नभएको हुँदा अध्यक्षज्यूले साधारण सभा
सम्पन्न गर्न सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिनुहुँदै अपरान्ह १२.०९ बजे सभा विसर्जन गर्नु
भयो ।

हरिहर गौतम
कम्पनी सचिव

भरत कुमार शाह
अध्यक्ष

मिति २०८२/१२/२८